गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तनहुँ

तनहुँ दमौली

प.स.२०८२/०८३
च.नं. १७३७

मिति : २०८२।१२।२३

विषय : वन पैदावार लिलाम विक्रीको सुचना वेभ साईटमा राखी दिनु हुन ।

श्री वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश पोखरा ।

श्री वन निर्देशनालय
गण्डकी प्रदेश पोखरा ।

प्रस्तुत विषयमा वन नियमावली, २०७९ को नियम २५ र गण्डकी प्रदेश वन नियमावली, २०८१ नियम ७२ मा व्यवस्था भए वमोजिम यस जिल्लाको गडगेश्वर सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ ५, तनहूँले स्वीकृत वन कार्ययोजना वमोजिम संकलन गरेको वन पैदावार व्यापारिक प्रयोजनका लागि सिलवन्दी वोलपत्रवाट लिलाम विक्रीको लागि सुचना प्रकाशित गरेको हुँदा उक्त सूचना तहाँ मन्त्रालय/निर्देशनालयको वेभ साईटका राखी दिनु हुन प्रकाशित सुचना यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध छ ।

०८२।१२।२३

............................
(मनोज रानाभाट)
डिभिजनल वन अधिकृत

# गड्गेश्वर सामुदायिक वन उपभोक्ता समूह

## ऋषिङ गा.पा. ५, तनहूँ

## वन पैदावार वोलपत्रद्धारा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- ०८२/१२/२३
(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका)

यस सामुदायिक वन उपभोक्ता समुहवाट आ.व.०८१/०८२ मा संकलन गरी घाटगद्दी गरी राखेको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थाबाट समुह वाहिर लिलाम प्रकृयाद्धारा विक्री वितरण गर्ने भनी समुहको साधारण सभाबाट पारित भई डिभिजन वन कार्यालय, तनहुंको च.नं. १७२३ मिति २०८२।१२।२२ को लिलाम सहमति पत्र अनुसार उक्त वन पैदावार लिलाम विक्रीको लागि प्रथम पटक यो २१ दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित सूचिकृत उद्यौग वा फर्मले तपशिलका शर्तहरुं पुरा हुने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१) वन पदावारको विवरण :

| वन पैदावारको | | | | | | | मुल्यांकन रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यु.फिट) | न्यूनतम मूल्य रु. (मु.अ.कर वाहेक) | संकलन खर्च रु. | |
| १ | १ | साल | चिरान | A | २२५ | ३८४.०६ | ६,७२,१०५/- | १,८८,१८५/- | |
| २ | | साल | वाकल | - | - | ५००० के.जी | ७५००/- | ० | |
| | | लट १ को जम्मा | | – | – | – | ६,७९,६०५/- | १,८८,१८५/- | |
| ३ | २ | साल | चिरान | A | २२५ | ३९६.४८ | ६,९३,८४०/- | १,९४,२७५/- | |
| ४ | ३ | खयर | हर्ट उड | | ३८० | ३४९.७२ | ४,८९,६१०/- | १,७१,३६०/- | |

(२) बोलपत्र फाराम मिति २०८३/०१/१४ गते कार्यालय समयभित्र मात्र वितरण गरिनेछ । बोलपत्र फाराम मिति २०८३/०१/१५ गते दिनको १२ बजेभित्र समुहमा बुझाइ सक्नु पर्नेछ । उल्लेखित समयपछि आएका फारामलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।

(३) वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास वैंक लि दमौलीमा रहेको खाता नं. ०३१६८००४९४५६९०१७ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) प्रति लट प्रति वोलपत्र फारम रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ । फारामको दस्तुर समूहको वैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(५) लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारमा आधारित सूचिकृत उद्योगको प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/०१/१५ गते दिनको २.०० बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, संकलन खर्च, निर्धारित मूल्य अभिवृद्धि कर तथा प्रदेश सेवा शुल्क आदि रकम बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(१०) टेन्डर पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ ।

(१२) माथि उल्लेखित शर्त पूरा नभई आएका बोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) यसमा कुनै कुरा अस्पष्ट भएमा प्रचलित वन ऐन, नियम अनुसार हुनेछ । अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

..............................
(दामोदर गिरी)
अध्यक्ष